# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎०७८-४१०१२७
४१०१२८


प.सं. २०७७/०७८
च.नं. २०१५

मिति २०७७/३/१६

विषयः जानकारी सम्बन्धमा

श्री सवै वडा कार्यालय
मध्यविन्दु नगरपालिका न.प.(ब.सु.पूर्व)

प्रस्तुत विषयमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको च.नं.१७१९ मिति २०७७/३/१५ को पत्रानुसार र सामाजिक सुरक्षा नियमावली, २०७६ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नविकरण गर्नुपर्ने व्यवस्था रहेको हुदाँ परिवर्तित व्यवस्था अनुरूप अगामी आ.ब. २०७७/७८ को श्रावण मसान्तभित्र नाम नविकरण गर्नको लागि सम्बन्धित सवै लाभग्राहीहरूमा सूचना तथा जानकारी र प्रचार प्रसार गरी समयभित्रै नविकरण गर्न/गराउनुहुन अनुरोध छ। साथै सो समयाबधि भित्र नविकरण नभएमा लाभग्राहीहरू सामाजिक सुरक्षा भत्ताबाट बञ्चित हुने हुदाँ समयमै नविकरण गर्नुहुन अनुरोध छ।

२०७७/३/१६

भोला नाथ शर्मा पौडेल
अधिकृत छैठौं

(पुनश्चः आ.व.२०७६/७७ को तेस्रो किस्तामा पहिलो पटक सामाजिक सुरक्षा भत्ता बुझ्ने लाभग्राहीहरूको सम्बन्धित बैङ्कमा बैङ्क खाता तुरून्तै खोल्न पठाउनुहुन अनुरोध छ।)


Website: madhyabindumun.gov.np, इमेलः madhyabindumunicipality@gmail.com

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन: ४२११५६१, ४२६४६८१
४२६२०५६, ४२००८९५
फ्याक्स: ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या:- ०७६/०७७
चलानी पत्र संख्या र मिति:-
च.नं.:- १७१९

२०७७/३/१५

विषय: जानकारी सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुरूप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि पौष मसान्तभित्र नाम नवीकरणकोलागि निवेदन दिनुपर्ने व्यवस्था रहेकोमा हाल सामाजिक सुरक्षा नियमावली,२०७६ लागू भईसकेपछी नियमावलीको नियम ९ अनुरूप प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको छ। सो परिवर्तित व्यवस्था अनुरूप श्रावण मसान्तभित्र नाम नवीकरण गर्नकोलागि सम्वन्धित सबै लाभग्राहीहरूमा सूचना तथा जानकारी र प्रचार प्रसार गर्नु गराउनुहुन जानकारीकालागि अनुरोध छ।

साबित्रा बस्नेत
शाखा अधिकृत

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np,
URL:www.donidcr.gov.np